## लम्कीचुहा नगरपालिकाको कर्मचारी इन्धन सम्बन्धी (पहिलो संसोधन) मापदण्ड, २०८१

लम्कीचुहा नगरपालिकाको कर्मचारी इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०८१ मा सामयिक संसोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगर कार्यपालिकाको मिति २०८१।०५।३० गतेको निर्णयले यो मापदण्ड बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क. यो मापदण्डको नाम लम्कीचुहा नगरपालिकाको कर्मचारीको इन्धन सुविधा सम्बन्धी (पहिलो संसोधन) मापदण्ड, २०८१ रहेको छ।

ख. यो मापदण्ड तुरुन्त लागु हुनेछ।

२. **लम्कीचुहा नगरपालिकाको कर्मचारी इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०८१ को दफा ३ मा संसोधनः** लम्कीचुहा नगरपालिकाको कर्मचारी इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०८१ को दफा ३ को (ज) मा अतिथि शीर्षकमा इन्धन उपलब्ध गराउनुपर्ने भएमा अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र उपलब्ध गराउनुपर्नेछ भन्ने वाक्यको सट्टा कार्यालयको सवारी साधन बाहेक अन्य सवारी साधन (निजी समेत) लाई इन्धन उपलब्ध गराउनुपर्ने भएमा नगर प्रमुखको आदेश बमोजिम अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र उपलब्ध गराउनुपर्नेछ भन्ने वाक्य राखिएको छ।

प्रमाणित गर्नेको
दस्तखत :-
नाम, थर : सुशिला शाही
पद : नगर प्रमुख